नेपालगञ्ज उप महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल**

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस उप महानगरपालिका बाट सार्वजनिक गरिएको सूचना विवरण**

**(मिति २०८२।०१।०१ देखि मिति २०८२।०३।३२ गते**

**सम्मको विवरण)**

## (१) सूचना सार्वजनिक गर्ने निकाय /नेपालगन्ज उप महानगरपालिकाको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगर पञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाउँ विकास समितिहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाउँपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत् राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ। हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ । नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४४( पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उप महानगरपालिका रहेको छ ।

## (२) नेपालगंज उप महानगरपालिकाका काम, कर्तव्य र अधिकारः

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय कानूनहरु र लुम्बिनी प्रदेश कानन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकारबाट निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरणः

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम कार्यान्वयनमा रहेकोछ । यस उपमहानगरपालिकामा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण संक्षिप्तमा नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएकोछ ।

## (४) यस उपमहानगरपालिकाबाट प्रदान गरिने सेवाहरुः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) यस उप महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाका र जिम्मेवार अधिकारीः


यस उप महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा कार्यालयहरु रहेका छन् । उप-महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस उप-महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने  समय अवधी विवरण नेपालगञ्ज उप-महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी  हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था सेवाग्राहीको जानकारीका लागि नागरकि वडापत्र  तथा नेपालगञ्ज उप-महानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np मा समेत उल्लेख  गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस उप महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको



अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उप-महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

### (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस उप-महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस उप-महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उप-महानगरपालिकाले यस आर्थिक वर्षको **२०८२ बैशाख १ गते देखि २०८२ असाढ** मसान्त सम्म देहाय बमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

### १) प्रशासन व्यस्थापन तथा जनशत्ति व्यवस्थापन शाखा,

प्रशासन तथा जनशक्ति विकास शाखाको प्रगति विवरण (२०८२ बैशाख महिनादेखि असार महिनासम्मको)

१. कार्यरत कर्मचारीहरुको तहमिलान तथा तहवृद्बिको काम गरिएको । (पहिलो चरण)

२. कार्यरत कर्मचारीहरुको तहमिलान तथा तहवृद्बिको काम गरिएको । (दोस्रो चरण)

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आएका विभिन्न पत्रहरुको पत्रहरुको प्रतिउत्तर पठाएको ।

४. आ.व. २०८१/0८२ को कार्यसम्पादन मूल्याङ्कन प्रक्रियामा रहेको ।

५. आ.व. २०८१/0८२ को सम्पत्ति विवरण फाइलहरु संकलन गर्ने कार्य निरन्तर रहेको ।

### २) शिक्षा युवा तथा खेलकुद महाशाखा

- विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिएको ।
- सामुदायिक संस्थागत र धार्मिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गरी गुणस्तरीय शिक्षाको सुनिश्चतता गरिएको ।

- यस उप महानगरपालिकाले निर्माण गरेको स्थानिय पाठयक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- विद्यालयमा भनी तथा नियमितता लागि विद्यालयका कार्यक्रममा  अभिभावकको सग्नता बढाईएको छ ।
- खेलकुद कार्यक्रमहरु संचालन गरि युवा तथा  विद्यार्थीको प्रतिभा पहिचान र विकास गरिएको छ ।
- बालविकास तथा धार्मिक विद्यालयहरुलाई सुदृढिकरण र व्यवस्थापनमा जोड दिएको ।
- विद्यालयहरुमा सूचना प्रविधीमैत्री शिक्षण सिकाई क्रियाकलाप संचालनमा प्रोत्साहन गरिएको ।
- सामुदायिक संस्थागत  र धार्मिक विद्यालयका शिक्षकहरुको विपतका समयमा विद्यालय सुरक्षाका सम्बन्धमा क्षमता विकास गरी गुणस्तरीय शिक्षाको  सुनिश्चितता गरिएको ।
- शैक्षिक सुशासन र पेशागत सहयोगका लागि विद्यालय अनुगमन मेन्टोरिङ सुपरीवेक्षणलाई प्रभावकारी बनाउदै लगीएकोछ ।
- यस उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठयुपस्तक निर्माण र कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- विद्यालयमा भर्ना तथा नियमितताका  लागि विद्यालयका कार्यक्रममा अभिभावकको सङ्लग्नता  बढाईएको छ ।
- नगरको सामाजिक विकासका  लागि युवा क्लब गठन र परिचालन नीति तयार गरिएको छ ।
- नगरको संस्थागत विद्यालय सञ्चालन व्यवस्थापनका लागि संस्थागत विद्यालय सञ्चालन व्यवस्थापन नीति तयार गरिएको छ ।
- खेलकुद कार्यक्रमहरु सञ्चालन गरि युवा तथा विद्यार्थीको प्रतिभा पहिचान र विकास गरिएको छ ।

## ३) स्वास्थ्य शाखा

- दादुरा रुबेला खोप अभियान कार्यक्रम संचालन तथा ९ महिला  देखि १५ वर्षका लक्षित शत प्रतिकशत खोप लगाईएको तथा स्वास्थ्य महाशाखाबाट अनुगमन ।
- नियमित खोप, आमा सुरक्षा, परिवार नियोजन, पोषण कार्यक्रम, क्षयरोग, कुष्ठरोग लगायतका सेवाहरु नियमितरुपमा संचालन तथा सो को अनुगमन ।

- आ.व.२०८१।०८२ मा भएका स्वास्थ्य सम्बन्धि कृयाकलापहरुको बार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न तथा उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्थाहरुलाई पुरस्कृत तथा सम्मान ।
- राष्ट्रि भिटामिन ए कार्यक्रम संचालन
- प्रत्येक महिना मासिक समिक्षा बैठक संचालन ।
- दीर्घ रोगीहरुलाई उपचार खर्च वापतको रकम वडा मार्फत १८१ जना लाइ १२ महिनाको  १०,८६,००० भुक्तानी गरिएको ।
- औषधि खरिद E-bidding प्रकृया बाट  खरिद सम्पन्न ।
- महिला स्वास्थ्य स्वयंम्सेविका दिवस कार्यक्रम सम्पन्न तथा उत्कृष्ट कार्य गर्ने महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई पुरस्कृत तथा ६० वर्ष उमेर पुरा भई अनिवार्य अवकाश हुनु भएका महिला स्वास्थ्य स्वयम्सेविका ज्यूहरुलाई विदाई तथा सम्मान कार्यक्रम ।
- स्वास्थ्यकर्मीहरुलाई क्षयरोग सम्बन्धी तिन दिने आधारभूत तालिम संचालन ।
- क्षयरोग कार्यक्रमको बार्षिक तथा अर्धवार्षिक समिक्षा कार्यक्रम संचालन ।
- दादुरा रुबेला खोप अभियान संचालन ।
- स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग सम्बन्धि तिन दिने तालिम संचालन ।
- CB-IMNCI अनसाईट कोचिङ्ग संचालन ।
- बर्थिङ्ग सेन्टरहरु तथा नेपालगंज मेडिकल कलेजलाई आमासुरक्षा कार्यक्रम वापतको रकम त्रैमासिक रुपमा भुक्तानी ।
- विश्व क्षयरोग दिवकार्यक्रम विभिन्न क्रियाकलाप सहित सम्पन्न ।
- सुर्तिजन्म पदार्थ नियमन नियन्त्रण सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचाल ।
- पूर्ण खोप वडा घोषणा तथा सुनिश्चितता कार्यक्रम सम्पन्न ।

## ४) सामाजिक, गै.स.तथा साझेदारी शाखा

**सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखाको वार्षिक प्रगति**

**आ.व. २०८१।०८२ को वार्षिक प्रगति देहाय बमोजिम प्रस्तुत गरिएको छ ः**

**१)नेपालगञ्ज उपमहानगरपालिकाको गरिबसंग स्थानीय सरकार सञ्चालन कार्यविधि २०८० बमोजिम लक्षित वर्गहरुमा कर्जा लगानी भई गत आ.व. २०८०।०८१ को असार मसान्तसम्म किस्ता बुझाउने भाखा नाघेका २१० जना ऋणीहरु र निजहरुबाट असुल उपर हुनुपर्ने सावाँ रु एक करोड बहत्तर लाख छपन्न हजार नौं सय अन्ठानब्बे, व्याज**

रु बाईसलाख सतहत्तर हजार पाँचसय बत्तिस समेत कूल जम्मा रु एक करोड पन्चानब्बे लाख चौतिस हजार पाँचसय तिस रहेकोमा चालू आ.व. २०८१।०८२ को असार ८ गते सम्म सावाँ रु उन्चालिस लाख पचहत्तर हजार पाँचसय सात, व्याज रु दशलाख तिरासी हजार दुईसय एकाउन्न पैंसा पन्ध्र र जरिवाना रु तिन लाख छपन्न हजार आठसय तिरहत्तर पैंसा सत्तरी समेत कूल असुली जम्मा रु चौवन्न लाख पन्ध्र हजार छसय एकतिस पैंसा पचपन्न असुीली गर्न सफल भएको छ । आजका दिनसम्म अव १६३ जना ऋणीहरुबाट सावाँ रु एक करोड बत्तिस लाख एकासी हजार चारसय एकानब्बे र व्याज रु सत्ताईस लाख सत्तरी हजार असी समेत कूल जम्मा रु एक करोड साठी लाख एकाउन्न हजार पाँचसय एकहत्तर असुली हुन बाँकी रहेको छ । जसमध्ये गत वर्ष ३ पुस्ते विवरण सार्वजनिक गर्दा पनि अटेरी गर्ने ८० जनालाई सम्मानित जिल्ला अदालतमा लेनदेन सम्बन्धी मुद्धा चलाउने प्रक्रियाका विषयमा कार्यपालिका बैठकबाट निर्णय हुन बाँकी छ । चालू २०८१।०८२ मा ८३ जनालाई चुक्ता गर्न आउन भनि ऋणीहरुको ३ पुस्ते विवरण सार्वजनिक गरिएको छ ।

२)नेपालगञ्ज उप-महानगरपालिकाको सहयोगमा बागेश्वरी मन्दिरमा चालु आ.व. मा ४९ वटा सोमवार आरती कार्यक्रममा ७००० भन्दा वढी भक्तजनहरु सम्मिलित भै लाभान्वित भएका छन् ।

३) यस उपमहानगरपालिकाको आयोजना तथा बासको सहजीकरणमा मिति २०८१ कार्तिक २९गते १७९ जनाको उपस्थितिमा ९ बुँदे प्रतिबद्धता सहित चालू आ.व.को पहिलो सार्वजनिक सुनुवाई सम्पन्न भएको छ ।

४) नेपालगञ्ज उप-महानगरपालिका र राष्ट्रिय समाचार समिति (रासस) बिचको सम्झौता अनुसार "रासस अवधी मातृभाषा समाचार सेवा" सम्बन्धी ६ महिने (श्रावण देखि पौष मसान्त) कार्यक्रम सफल भएको छ, यसबाट अवधी भाषाको जगेर्ना र विकासमा नयाँ आयाम थपिएको छ ।

५) यस उप-महानगरपालिकाको वडा नं. १ देखि २३ सम्मका २४ जना सहभागीहरुको सहभागितामा मिति २०८१ मंसिर २३ देखि ३० गते सम्म भर्मिकम्पोष्टमा आधारित प्राङ्गारिक तथा जैविक मल उत्पादन सम्बन्धि ८ (आठ) दिवसीय प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ, यसबाट माटोको उर्वराशक्ति बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिईएको छ ।

६) लोकसेवा आयोगबाट लिईने अप्राविधिक तर्फ खरिदार र नायबसुब्बा तथा स्वास्थ्य सेवा तर्फ अहेव, अनमि, हेल्थ असिस्टेन्ट र स्टाफ नर्स पदको प्रतिष्पर्धात्मक परीक्षाको पूर्व तयारी कक्षा अन्तर्गत् जम्मा १४० जनालाई प्रदान गरिएको छ ।

७) नेपालगञ्ज इलेक्ट्रिकल एशोसिएसन संग सम्झौता गरि ३० जना प्रशिक्षार्थीहरुलाई ३० दिन (१५० घण्टा) को थ्री फेज तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

८) विगत वर्षहरुमा सिलाई कटाई तालिम लिएका मध्ये व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीहरुको अवस्था अनुगमन गरि व्यवसायमा सरिक भएका २५ जना २५ जना प्रशिक्षार्थीहरुलाई ७८ दिन (३९० घण्टा) को फेसन डिजाईनर तालिम सञ्चालन कार्यसम्पन्न भएको छ ।

९) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)अन्तर्गत् नेपालगञ्ज वडा न १३ र १४ छनौट भई ३० जना महिला उद्यमीहरु तयार भएका छन् । जस अन्तर्गत् १३ जनाले ५ दिनको च्याऊ खेती तालिम, १२ जनाले १५ दिने ढकिया तालिम, १२ जनाले ४५ दिने व्यूटिपार्लर तालिम र ५ जनालाई ३ महिने जुत्ता चप्पल बनाउने तालिम प्रदान गरिएको छ । जुत्ता चप्पल स्तर उन्नत्ती तालिम लिएका प्रशिक्षार्थीहरुले हालका दिनमा सामूहिक जुत्ता चप्पल व्यवसाय सुरुवात गरेका छन् ।

१०)गैरसरकारी संस्थाहरुद्धारा नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा आ.व. २०८०।०८१ मा सम्पन्न गरेका कार्यक्रमहरुको वार्षिक समिक्षा सम्पन्न भएको छ, पूर्व सहमति प्रदान गर्दा गै.स.सं. समन्वय समितिको निर्णयानुसार मात्र दिने व्यवस्था चालू आ.व. बाटै प्रारम्भ गरिसकिएको छ । साथै आगामी आ.व. २०८२।०८३ का लागि पेश भएका गैससहरुको वार्षिक कार्यक्रमका सम्बन्धमा प्रस्तुतीकरण तथा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

सुरक्षित आप्रवासन(सामी)कार्यक्रम तर्फ

सुचना तथा परामर्श सेवा

१) बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन चालू आ.व. मा जिल्ला प्रशासन कार्यालय परिसरमा रहेको आप्रवासी स्रोत केन्द्र तथा रिटर्नी स्वयमसेवक मार्फत कूल १००६४ जना (महिला २९४० र पुरुष ७१२४)

नगरवासीहरुलाई आवश्यक सूचनामा पहूँच अभिवृद्धि गरिएको छ । यसबाट बैदेशिक रोजगारी सेवा भरपर्दो र विश्वसनियता अभिवृद्धि हुने विश्वास लिईएको छ ।

**न्यायमा सहजिकरण**

१) बैदेशिक रोजगारी संग सम्बन्धित ९३ (पुरुष ८०, महिला १३) जनाले विभिन्न प्रकारका विषयहरु अन्तर्गत् ठगी, अंगभंग आदि सम्बन्धमा आप्रवासी स्रोतकेन्द्रमा दर्ता भएका मध्ये ४२ जनाको गुनासो समाधान र सहजीकरण गरी उनीहरुले नियमानुसार पाउनुपर्ने रकम मध्ये रु छयासी लाख अठार हजार पाँचसय विभिन्न निकायहरुबाट आर्थिक सहयोग प्राप्त गर्न सफल भएका छन् । बाँकी ५१ जनाको गुनासो सम्बोधनको प्रक्रियामा रहेको छ ।

**वित्तीय साक्षरता तथा मनोसामाजिक कक्षा सञ्चालन**

१) यस वर्षमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालनका लागि वडा नं. ५ र १० छनौट ए अनुसार उक्त वडामा बैदेशिक रोजगारका रहेका, सम्भावित कामदार, फर्केका व्यक्तिहरुका घरपरिवारका लागि पठाएको विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न, फजुल खर्च कटौती गरी बचत विस्तार गर्न, मनोसामाजिक तथा सामाजिक लाल्छनाबाट विरक्तिएकाहरुलाई परामर्श सम्बन्धी विषयमा कक्षा २१२१ वटा शेसन संचालन गरि कूल ५० जना सहभागीहरुलाई आर्थिक सशक्तिकरण गरिएको छ ।

**मनोसामाजिक सेवा**

१) चालू आ.व.२०८१।०८२ को वार्षिक अवधिमा कूल ३० मध्य २ जना पुरुष र २८ जना महिलाहरुलाई स्थानीय स्तरमा सम्बन्धीत व्यक्तिहरुको घरमै गई मनोसामाजिक परामर्श प्रदान गरिएको । सो मध्ये २१ जनाको अवस्था सामान्य जीवनयापनमा फर्काउन सफल भएको । बाँकी ९ जनालाई नियमित परामर्श प्रदान गर्ने कार्य निरन्तर भईरहेको छ ।

**मिति २०८२ श्रावण गते आईतवार ।**

## ५) महिला, बालबालिका तथा ज्येष्ठ नागरीक शाखा

| क स | कार्यक्रम/ कियाकलाप | जम्मा लाभान्वित | मुख्य उपलब्धी |
|---|---|---|---|
| १ | नव उद्यमि महिलाको लागि सिप तथा व्यवसायिकता विकास तालिम (माग तथा आवश्यकतामा आधारित बस्तुगत टेवा प्रति व्यक्ति ३००० समेत) | १३ | विवाह सगुन सामग्री निर्माणको १ महिने तालिमले महिलारुको उद्यमशिलता विकासमा टेवा पुर्याएको छ। |
| २ | महिला संस्था, समूह समितिका सदस्यहरुलाई आधारभूत तालिम ७ दिने | २५ | संस्था सञ्चालनको आधारभूत तालिम प्रदान भएको |
| ३ | लैंगिक सम्पर्क व्यक्ति तथा लैंगिक सम्पर्क शिक्षकको क्षमता विकास तालिम | ३२ | विद्यालयमा GEDSI मैत्री सिकाई व्यवस्थापनका लागि सम्पर्क शिक्षकको व्यवस्था र यस सम्वन्धी क्षमता विकास भएको |
| ४ | ग बर्गको अपाङ्गता भएका व्याक्तिको स्वास्थ्य बिमा कार्यक्रम नयाँ | १९२ | विमा सुविधा प्राप्त कर्ता सर्वेक्षण गरी १९२ जना समावेश गरिएको |
| ५ | अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण शिविर सञ्चालन र व्यवस्थापन | ४९ | |
| ६ | अपांगता सम्बन्धि मागमा आधारित कार्यक्रम सिप विकास कार्यक्रम सहित | ४७८ | |
| ७ | किशोरी समूहको अर्धवार्षिक अन्तरक्रिया १ दिने | ३३ | |
| ८ | कोसेली घर संचालन व्यवस्थापन ( विजुली बत्ती र भवन व्यवस्थापन कोल्ड स्टोर स्थापना मेला महोत्सव तथा दैनिक कारोबार व्यवस्थापन) | | |
| ९ | द्धन्द्ध प्रभावित, बेपत्ता तथा एकल महिलाका लागि आय आर्जन तथा क्षमता बिकास | २५ | अचार तालिम ७ दिने |
| १० | नगरस्तरिय स्थानीय बाल अधिकार समिति बैठक | ४६ | |
| ११ | प्रत्येक वडामा भएका बालक्लव तथा नगरस्तरिय बालक्लव सञ्जालको चौमासिक प्रगति समिक्षा कार्यक्रम | ८२ | |
| १२ | बालबालिकाको नगर भेलाबाट माग भएको कार्यक्रम | १७० | |

| | | | |
|---|---|---|---|
| १३ | बालमैत्रि नगर घोषणाका लागि कार्यक्रम | ३४१ | |
| १४ | नगरस्तरीय योजना तर्जुमा बाल भेला | ४२ | |
| १५ | बौद्धिक अपाङ्गता सम्बन्धी कार्यक्रम | | |
| १६ | महिला उद्यमीको व्यवसाय विस्तार एवं विकासका लागि बजार र सरोकारवालाको सर्भेक्षण एवं समन्वय बैठक तथा अन्तरक्रिया उद्यमिसंग साथ सम्पर्क विस्तार | ५७ | |
| १७ | महिला विकास कार्यक्रमको संक्षिप्त झलक तयारी तथा प्रकाशन | | |
| १८ | वडा स्तरीय योजना तर्जुमा बाल भेला | ७४८ | |
| १९ | महिला तथा किशोरीलाई आत्मसुरक्षा प्रशिक्षक प्रशिक्षण तालिम ७ दिने | 20 | |
| २० | ७ दिनेमहिलाहरुलाई लुगामा हाते कढाई पुन ताजकी तालिम | २५ | |
| २१ | जातीय छुवाछुत विरुद्धको सचेतना कार्यक्रम | | |
| २२ | लैंगिक हिंसा तथा घरेलु हिंसा विरुद्ध महिलाहरुलाई सामुदायस्तरमा अभिमुखीकरण कार्यक्रम १ दिने ४ पटक | २१२ | |
| २३ | लैससास सम्बन्धी क्षमता विकास तथा लागु औषध दुर्व्यसनी विरुद्धको तालिम ३।३ दिने | ६० | |
| २४ | महिला तथा बालबालिका र किशोरी सशक्तिकरण कार्यक्रम | | |
| २५ | विवाह सगुन सामग्री निर्माण तालिम | २० | |
| २६ | महिला बालबालिका तथा किशोरीहरुको सशक्तिकरण कार्यक्रम | ५० | |
| २७ | लैंगिक हिंसा निवारणका लागि निगरानी समूहलाई अनुशिक्षण | १०८ | |
| २८ | वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई अपांगता सम्बन्धी अभिमूखीकरण | ४९ | |
| **राष्ट्रपति महिला सशक्तिकरण परियोजना** | | | |
| क | चुरापोते तालिम | १८ | |
| ख | एड्भान्स ब्यूटिपार्लर ४५ दिने | १८ | |
| ग | एड्भान्स सिलाई कटाई | १३ | |

# ६) सहकारी शाखा

| नेपालगञ्ज उप महानगरपालिका | | | |
|---|---|---|---|
| आ.व.२०८१।०८२ को बैशाख महिना देखि असार सम्मको प्रगति विवरण | | | |
| सहकारी तथा रोजगार विकास शाखा | | | |
| क्र.सं. | विवरण | कार्यक्रम कार्यन्वयनको अवस्था | कैफियत |
| १ | नेतृत्व तथा व्यवस्थापन विकास कार्यशाला ३ दिने | सम्पन्न भएको | |
| २ | सहकारी रणनितिक योजना तथा बजेट निर्माण तालिम | सम्पन्न भएको | |
| ३ | प्रत्येक सहकारी संस्थाको कम्तिमा वर्षमा एकपल्ट नियमित अनुगमन (११२ वटा) | सम्पन्न भएको | १८ वटा सहकारी |
| ४ | सहकारी ऐन, नियमावली छपाई तथा सन्देश उत्पादन र प्रसारण | हुन नसकेको | |
| ५ | सहकारी संबाद कार्यक्रम | हुन नसकेको | |
| ६ | अन्तरपालिका सहकारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम | हुन नसकेको | |
| ७ | नियमित अनुगमनबाट आवश्यक देखिएका संस्थाहरुको सघन अनुगमन (१५ वटा सम्म) | हुन नसकेको | |

## ७) पञ्जीकरण शाखा

**आ.ब.२०८१।०८२ अन्तर्गतका बैशाख महिना देखि असार सम्मका प्रगति विवरण**

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (वडा नं.१ देखि २३) सम्मका लक्षित समुहहरु :**

अन्य जेष्ठ नागरिक भत्ता ६८ बर्ष जेष्ठ नागरिक भत्ता, जेष्ठ नागरिक एकल महिला भत्ता, विधवा भत्ता, पुर्ण अपाङ्ता भत्ता, अति अशक्त अपाङ्ता भत्ता, दलित बालबालिका भत्ता,लोपोन्मुख जाति भत्ता रहेका छन् ।

- **चौथो किस्ता अन्तर्गत**
  - कुल लाभग्राही संख्याः **१२३०५**
  - विनियोजित बजेटः **रु.११,२५,१६,३३०/-** (अक्षेरुपी एघार करोड पच्चिस लाख सोह्रहजार तीन सय तीस मात्र)

**प्रथम, दोस्रो, तेस्रो तथा चौथो त्रैमासमा छुट अन्तर्गत**

- कुल लाभग्राही संख्याः **१७४**

- विनियोजित बजेटः **रु.७,१७,१२८/-** (अक्षेरुपी सात लाख सत्र हजार एक सय अठ्ठाइस मात्र )

**नोटः**

- EFT द्धाराचौथो किस्ता तथा छुट भएका प्रथम, दोस्रो, तेस्रो र चौथो किस्ता अन्तगर्तको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीहरुको खातामा जम्मा भइसकेको  छ ।

- **<u>सम्पन्न भएका कार्यक्रमहरुः</u>**

- सामाजिक सुरक्षा तथा पञ्जिकरण ऐन, नियमावली र कार्यविधिबारे अन्तरक्रिया
- सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा प्रदायक संस्थासंग त्रैमासिक अन्तरक्रिया

**नोटः**

सेवा प्रदायक बैक तथा वित्तिय संस्थाहरु सँग त्रैमासिक अन्तरक्रिया कार्यक्रम अन्तर्गत १ पटक (एक) मात्र अन्तरक्रिया कार्यक्रम भएको तर उक्त कार्यक्रम बापत विनियोजित बजेटबाट खर्च हुन नसकेको ।

- **<u>संचालन हुन नसकेका कार्यक्रमहरुः</u>**

- सामाजिक सुरक्षा सम्बन्धि वित्तिय सचेतना कार्यक्रम बैंक संगको समन्वयमा -
- बैठक भत्ता तथा खाजा खर्च
- सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा प्रदायक संस्थासंग त्रैमासिक अन्तरक्रिया

## ८) सामाजिक सुरुक्षा शाखा

व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

**जिल्ला** : बाँके **गा.पा./न.पा.** : नेपालगंज **दर्ता मिति देखि** : २०८२.०१.०१ **दर्ता मिति सम्म** : २०८२.०३.३२

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ११ | २२ | | ३३ | ७ | ३ | | १० | ५ | १८ | १३ | ४३ | ५ | १२ | | ८४ |
| २ | १४ | ८ | | २२ | ७ | ३ | | १० | १ | ९ | ८ | १९ | ३ | ११ | | ५३ |
| ३ | १५ | २५ | | ४० | ७ | ५ | | १२ | | १४ | १ | १ | ६ | १५ | | ७३ |
| ४ | २३ | २९ | | ५२ | ५ | ३ | | ८ | ७ | २६ | १७ | ५४ | ७ | २५ | | ११७ |
| ५ | २३ | १८ | | ४१ | ५ | ७ | | १२ | १ | १६ | ७ | २४ | ५ | ९ | | ८२ |
| ६ | १२ | ८ | | २० | ७ | ६ | | १३ | | ८ | ८ | ३१ | ३ | १० | | ५२ |
| ७ | २६ | १३ | | ३९ | ३ | ४ | | ७ | | १३ | ४ | ९ | ५ | ११ | | ६८ |
| ८ | ३३ | ३० | | ६३ | ३ | ६ | | ९ | १ | २५ | २ | २ | ४ | ८ | | १०४ |
| ९ | ८ | २२ | | ३० | १ | ३ | | ४ | १ | १४ | ५ | १८ | १ | २ | | ५५ |
| १० | १२ | १० | | २२ | ३ | ४ | | ७ | ५ | १६ | २१ | ६७ | २ | ६ | | ७३ |
| ११ | २८ | २९ | | ५७ | ८ | ४ | १ | १३ | | ३२ | २ | ३ | ९ | २० | | ११३ |
| १२ | २० | ६ | | २६ | ७ | ३ | | १० | १ | १८ | ११ | ३८ | २ | ९ | | ६८ |
| १३ | ४३ | ४३ | | ८६ | ६ | ५ | | ११ | १ | २१ | १ | ४ | २ | ९ | | १२२ |
| १४ | ३४ | ३२ | | ६६ | ७ | ५ | | १२ | | १९ | ३ | १३ | १ | ७ | | १०१ |
| १५ | २२ | ३५ | | ५७ | ६ | ५ | | ११ | २ | १८ | २ | ३ | | | | ९० |
| १६ | ४५ | ४१ | | ८६ | ९ | ५ | | १४ | | २१ | | | १ | ४ | | १२२ |
| १७ | १९ | २१ | | ४० | ५ | ६ | | ११ | | १६ | ४ | ११ | २ | ६ | | ७३ |
| १८ | २६ | १८ | | ४४ | ८ | ७ | | १५ | ५ | १७ | २५ | ८४ | ६ | १४ | | ११२ |
| १९ | २७ | २५ | | ५२ | १० | १२ | | २२ | २ | १० | ७ | २२ | ४ | १६ | | ९७ |
| २० | ३५ | ३२ | | ६७ | ७ | ७ | | १४ | ५ | २९ | १६ | ५२ | ९ | २५ | | १४० |
| २१ | ३० | ३४ | | ६४ | ६ | १० | | १६ | | २१ | २ | ६ | १ | ३ | | १०४ |
| २२ | १७ | १९ | | ३६ | ७ | ६ | | १३ | | ८ | १ | ५ | | | | ५८ |
| २३ | ६ | १५ | | २१ | | २ | | २ | | १ | १ | ४ | २ | १४ | | २७ |
| **जम्मा** | ५२९ | ५३५ | ० | १०६४ | १३४ | १२१ | १ | २५६ | ३७ | ३९० | १६१ | ५१३ | ८० | २७४ | ० | १९८८ |

# ९) रोजगार सेवा केन्द्र

## मुख्य क्रियाकलापहरुः-

- आ२०८.व.१/८२मा बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु अन्तर्गत अनलाइन प्रणाली मार्फत ५ जना मृतकका परिवारलाई आर्थिक सहायता १ जनाको १ शव झिकाउने, १ जनाको शव ढुवानीको, २ जनालाइ विरामी भै अंगभङ्ग १६ र १ जनालाई पारिवारिक स्वास्थ्य उपचार वापतको आर्थिक सहायता उपलब्ध गराउन सहजिकरण गरिएको।

- ❖ यस चौमासिकमा  अनलाइन मार्फत १२२ जनालाइ व्यक्तीगत श्रम स्वीकृति र पुन श्रम स्वीकृति सेवा प्रदान गरिएको ।
- ❖ ४४ जना महिलाहरुको लागि ३० दिने मन्टेश्वरी तालिम प्रदान गरिएको ।
- ❖ नेपालगञ्ज उपमहामनगरपालिका वडा न .३ मा श्रमको सम्मान कार्यक्रम सम्पन्न गरिएको ।
- ❖ आ८२ मा ४० जना सुचिकृत बेरोजगार व्यक्तिलाई ज्याला सहितको ५० दिने मेसन र /०८१ .व. प्लम्बर तालिमप्रदान गरिएको ।
- ❖ आन्तरिक रोजगारीको प्रवर्धनको नेपालगञ्ज उपमहानगरपालिकाको ५ वडामा आन्तरिक  रोजगारी प्रवर्द्धन अभियान संचालन गर्नका लागि छलफल गोष्ठी/कार्यक्रम सम्पन्न गरी सुझाब संकलन गरिएको ।
- ❖ बाँके जिल्लाको सबै स्थानीय तहको उपस्थितिमा स्थानीय सरकार निजि क्षेत्र/र सरोकारवाला बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरी रोजगारी पदस्थापनश्रम बजारको माग अनुसारको , सीपमुलक तालिम संचालन गर्न लगायतको बिषयमासुझाव संकलन गरिएको ।
- ❖ वडा कार्यालय र तालिम प्रदायक संस्था  संग समन्वय गरी (वैदेशिक रोजगार बोर्ड)महिलालक्षित रोजगारीको लागि तयारी क्लबमा रहेका ६ जनालाई ब्युटीपार्लर तालिम, ३ जनालाई मन्टेश्वरी तालिम, १२ जनालाई सिलाईकटाई तालिममा सहभागी गराई तालिम प्रदान गरिएको।
- ❖ नेपालगञ्ज भित्र रहेका १०५ ठुला रोजगारदाताहरुको बिस्तृत बिवरण सहितको सुची तयार गरिएको।
- ❖ बिभिन्न सरोकारवालाको उपस्थितिमा रोजगार संबाद मञ्चको वैठक संचालन गरी रोजगार सेवा केन्द्रको आगामी आवको लागि सुझाव संकलन गरिएको.।

## १०) भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

| ❖सि.न | २०८२ बैशाख देखि असार मसान्त सम्मको नक्शा प्रगती बिबरण | जम्मा |
|---|---|---|

| | | |
|---|---|---|
| १ | **प्लिन्थ लेभल ईजाजत** | **६४** |
| २ | **सुपरस्टक्चर ईजाजत** | **७२** |
| ३ | संसोधित **सुपरस्टक्चर ईजाजत** | **१७** |
| **४** | **सम्पन्न प्रमाणपत्र** | **५९** |
| ५ | **अभिलेखीकरण प्रमाणपत्र** | **२२** |
| **६** | **नक्शा नामसारी** | **२६** |

# ११) भूमी व्यास्थापन शाखा

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भूमि व्यावस्थापन शाखा
नेपालगञ्ज, बाँके।
लुम्बिनी प्रदेश-नेपाल।

आ.व. २०८१/०८२ बैशाख, जेठ र असार महिनाको प्रगती विवरण।

| क.स. | कामको विवरण | परिमाण | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | घरनक्सा फिल्ड verification | २७६ | सम्पन्न | |
| २ | घरबाटो प्रमाणित(बैंक प्रयोजन) | १६७ | सम्पन्न | |
| ३ | घरबास मिनाहा जग्गा नापजाँच | ३३ | सम्पन्न | |
| ४ | तेरोमेरो विवाद नापजाँच | २२ | सम्पन्न | |
| ५ | सार्वजनिक जग्गा नापजाँच | १८ | सम्पन्न | |
| ६ | घरबाटो सिफारिस(मालपोत प्रयोजन) | ३७ | सम्पन्न | |
| ७ | चार किल्ला प्रमाणित | ८३ | सम्पन्न | |
| ८ | वडा नं २० मा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यबस्थित हरुको जग्गा नापजाँच सुरुवात | ४ बिघा नापजाँच सम्पन्न | चलिरहेको | |
| ९ | बाटो मार्किङ्ग | १८ | सम्पन्न | |

पवन देव अर्याल
प्राविधिक अधिकृत

# १२) नगर प्रहरी शाखा

**नगरप्रहरी शाखाबाट अनुगमन तथा सेवाग्राहीले दिएको निवेदन उपर कार्य सम्पादन गरिएको संख्या विवरण**

| क्र. सं. | विवरण |
|---|---|
| १ | नगर क्षेत्र भित्र सर्वसाधारणको सहजताको लागि बजार क्षेत्र भित्र हुने अतिक्रमणहरु नियमित रुपमा हटाउँने कार्य गरिएको । |
| २ | सेवाग्राहीले दर्ता गराएको उजुरी निवेदन उपर स्थलगत निरीक्षण गरी आवश्यक कारबाहीको लागि प्रतिवेदन लेखन गरी सम्बन्धित शाखामा पठाईएको । |
| ३ | कानुन शाखाबाट प्राप्त पत्रादेशानुसार वडा नं.२० स्थित सार्वजनिक जग्गामा बनेको ३ वटा भौतिक संरचना हटाउँने कार्य गरिएको । |
| ४ | कानुन शाखाबाट प्राप्त पत्रादेशानुसार वडा नं.०६ स्थित सार्वजनिक बाटो च्यापी बनाएको पर्खाल हटाउँने कार्य गरिएको । |
| ५ | नगर क्षेत्र भित्र हुने अस्तव्यस्त र ट्राफिकजामलाई मध्यनजर गरी नगरका विभिन्न चोकहरु तथा बसपार्क समेतमा<br>नगर प्रहरी खटाईएको । |
| ६ | सुर्खेत रोड अर्न्तगत जमुनाहा देखि मनिकापुरसम्म र भित्रि बजार क्षेत्रमा समय नाघेका ब्यानरको पहिचान गरी हटाईउँने कार्य गरिएको । |
| ७ | जमुनाहा स्थित पार्किङ व्यवस्थापनको लागि नगर प्रहरी खटाई पार्किङ व्यवस्थापन गर्ने कार्य गरिएको । |
| ८ | नगर भित्र रहेका छाडा पशु चौपायाहरुलाई कान्जी हाउसमा पुर्‍याई व्यवस्थापन गर्ने कार्य गरिएको । |
| ९ | नेपालगन्ज उप-महानगरपालिका भित्र हुने सभा समारोह,चार्डपर्वमा समेत आवश्यक सुरक्षा तथा व्यवस्थापन गर्ने कार्य गरेको । |
| १० | सार्वजनिक आवागमनमा बाधा पुर्‍याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोधहरु स्थलगत रुपमै गई हटाउँने कार्य गरिएको । |
| ११ | नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र सडक,बाटो,चोक तथा बजार भित्र अस्तव्यस्त तरिकाले ट्राफिक जाम हुने गरी छरिएर रहेका ठेलाहरुलाई हटाउँने कार्य गरिएको । |
| १२ | वडा नं.४ स्थित नालीमा खसेको पशु(गोरु)लाई उद्धार गर्ने कार्य गरिएको । |
| १३ | नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गरिएको । |

**आ.व.२०८१/२०८२ को चौथो त्रैमासिकमा नगर प्रहरी शाखाबाट अनुगमन तथा सेवाग्राहीले दिएको निवेदन उपर कार्य सम्पादन गरिएको जम्मा संख्या ।**

| महिना | सेवाग्राहीको उजुरी निवेदनको संख्या | आवश्यक कारबाहीको लागि सम्बन्धित शाखालाई प्रतिवेदन लेखी पठाईएको संख्या । |
|---|---|---|
| बैशाख | १३ | १३ |
| जेठ | २४ | २४ |
| असार | २२ | २२ |
| **जम्मा=** | **५९** | **५९** |

**बजार क्षेत्र भित्र सडक पेटी अतिक्रमण गरी राखिएका व्यवसायिक प्रयोजनका सामाग्रीहरुलाई नियन्त्रणमा लिई चेतावनी स्वरुप जरिवाना गरिएको मासिक विवरण ।**

| महिना | संख्या | जरिवाना रकम रु. | कैफियत |
|---|---|---|---|
| बैशाख | २ | २००।- | |
| जेठ | ७ | ८००।- | |
| असार | ३ | ३००।- | |
| | **जम्मा संख्या = १२** | **जम्मा रकम रु.१३००।-** | |

**निर्माण कार्य रोक्का राख्न लगाउँदा लगाउँदै अटेर गरी निर्माण कार्य गर्नहरुको निर्माण सामाग्रीहरु (औजार) नियन्त्रणमा लिई उक्त सामाग्रीहरु फिर्ता गर्दा चेतावनी स्वरुपको लिइएको जरिवानाको विवरण ।**

| महिना | संख्या | जरिवाना रकम रु. | कैफियत |
|---|---|---|---|
| बैशाख | २ | २००।- | |
| जेठ | २ | २००।- | |
| असार | २ | २००।- | |
| | **जम्मा संख्या = ६** | **जम्मा रकम रु.६००।-** | |

**नगर क्षेत्र भित्रका छाडा पशु चौपायाहरुलाई नियन्त्रणमा लिई कान्जी हाउसमा पुऱ्याईएको पशुहरुको विवरण ।**

| महिना | मिति | संख्या | कैफियत |
|---|---|---|---|
| असार | २०८२/०३/२२ | बाखा खसी,बोका गरी = ६ वटा | |
| | २०८२/०३/२८ | गाई,बाछा,बाच्छी,घोडा,खच्चर गरी = ७९ वटा | |
| | | **जम्मा संख्या = ८५** | |

# १३) बारुणयन्त्र शाखा

## बैशाख महिनामा आगलागीको बिबरण

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन प्रस्थान र लागेको समय | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०८२।१।३ | दिउसो १३३०वजे | दिउसो १३३५वजे | दिउसो १४०५ सम्म ३० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१६ जैसपुर, एकिकृत भन्सार नजिक गहुं खेतमा अगोलागी भएको वडा कार्यलयबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । | | | | |
| २ | २०८२।१।५ | राति १९५५ वजे | राति २००० वजे | राति २१४५ सम्म १ घण्टा ४५ मिनेट | राप्तीसोनारी गाउं पालिका वडा नं. ६ ढलैया स्थित बाटोमा प्रदेश ३-०१-००६ख०९८३ नम्बरको बसमा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । | | | | |
| ३ | २०८२।१।५ | बिहान ०७३५ वजे | बिहान ०७४० वजे | बिहान ०८४०सम्म १ घण्टा | कोहलपुर नगर पालिका वडा नं.११ धिताल पेट्रोलपम्प नजिक रहेको मेघराज लम्सालको शुभलक्ष्मी फेन्सी स्टोरमा बिधूत तार सर्ट भई अगोलागी हुंदा कोहलपुर नगर प्रहरी प्रमुखबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गइ आगलागी नियन्त्रण गरेर फर्केको । आगलागीबाट फेन्सी कपडा , फर्निचर र्‍याक आदी जलेर क्षती भएको । | | | | |
| ४ | २०८२।१।९ | बिहान ०७०२ वजे | बिहान ०७०५ वजे | बिहान ०७३०सम्म २५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.११ सुर्खेतरोड पासाङ.लामु मार्गचोकमा अहमद ईन्टर प्राईजेजमा मिटर बक्समा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गइ आगलागी नियन्त्रणमा सहयोग गरेको । | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | २०८२।१।१० | बिहान ०३३५वजे | बिहान ०३४०वजे | बिहान ०८४५सम्म<br><br>५ घण्टा ५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.२२ पुरैनी स्थित कर्णाली सप्लायर्स प्रो रुची बैश्य र रघुनन्दन अर्डर एण्ड सप्लायर्स प्रो बिषेश बैश्यको पुरानो कतरन कपडा कच्चा पर्दाथ गोदाममा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट तिनै दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । आगलागीबाट जस्ताको छाना भएको कच्ची गोदाम घर र त्यस भित्र राखेको पूरानो कतरन कपडा जलेर छति भएको । | | | | |
| ६ | २०८२।१।११ | राति २१२५वजे | राति २१३०वजे | राति २२५५ सम्म<br>१ घण्टा २५ मिनेट | डुडुवा गाउं पालिका वडा नं.५ जब्दुवा सार्की टोल गाउं नजिक रुखमा लागेको आगो राति गाउंमा खतरा भएको भनि स्थानिय ब्यक्तीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । | | | | |
| ७ | २०८२।१।१३ | बिहान १०३५वजे | बिहान १०३८वजे | बिहान १२५०सम्म<br><br>२ घण्टा १२ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१० भेरी अस्पताल भित्र रहेको मेडिकल स्टोर भित्र फ्रिज पड्केर आगलागी हुंदा बिपत शाखाबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको<br>आगलागीबाट स्टोरमा भएको औषधि, फ्रिज र फर्निचर जलेर क्षति भएको । | | | | |
| ८ | २०८२।१।१३ | दिउसो १३१०वजे | दिउसो १३१५वजे | दिउसो १४५०सम्म<br>१ घण्टा ३५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१५ जमुनाहा एस.एस.बि. क्याम्प नजिक गहुंबारीमा आगलागी भएको प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । | | | | |
| ९ | २०८२।१।१३ | दिउसो १५२५वजे | दिउसो १५३०वजे | दिउसो १७५०सम्म<br>२ घण्टा २० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ तेलीयनपुर स्थित अन्नतनाथ भट्टराईको कलास्टीक बिरुवाको नर्सरीमा आगोलागी हुंदा सम्बन्धित व्यक्तीबाट खबर प्राप्त हुनासाथ | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पूर्णरुपमा नियन्त्रण गरेर फर्केको | | | | |
| १० | २०८२।१।१६ | साझ १७००वजे | साझ १७०५वजे | साझ १९००सम्म<br><br>१ घण्टा ५५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१७ परसपुर एकिकृत भन्सार को उत्तर तर्फ गहुं बारीमा अगोलागी भएको स्थानिय व्यक्तीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । | | | | |
| ११ | २०८२।१।१७ | दिउसो १४४० | दिउसो १४४५ | दिउसो १५५५सम्म<br>१ घण्टा १० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१६ जैसपुर, एकिकृत भन्सार नजिक गहुं बारीमा अगोलागी भएको सिमा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । | | | | |
| १२ | २०८२।१।१८ | बिहान १०५०वजे | बिहान १०५५वजे | बिहान ११५५सम्म<br><br>१ घण्टा | नेपालगंज उप-महानगरपालिका वडा नं.१५ सिमा नजिक रहेको सबिर अलि बागवन र अरुन सिंहको उखुबारीमा अगोलागी हुंदा सिमा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । | | | | |
| १३ | २०८२।१।१८ | बिहान ११००वजे | बिहान ११०५वजे | बिहान १२५०सम्म<br>१ घण्टा ४५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१६ र १७ को सिमाना नजिक जैसपुर, गहुं बारीमा अगोलागी भएको स्थानिय व्यक्तीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको | | | | |
| १४ | २०८२।१।२२ | राति ०१४०वजे | राति ०१४५वजे | राति ०३३०सम्म<br><br>१ घण्टा ४५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.३ रानीतलाउ नजिक रहेको बकरत किराना पसलले भन्सार लिलामीबाट बिक्रीको लागी ल्याएको रेडिमेट कपडा पसलमा बिधुत सर्ट भई आगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दुई दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आगलागीबाट पसलमा रहेका रेडिमेट कपडा, फर्निचर, पंखा तथा अन्य बिभिन्न सामानहरु जलेर क्षति भएको । | | | | |
| १५ | २०८२।१।२२ | राति २१००वजे | राति २१०५वजे | राति २२१५सम्म<br><br>१ घण्टा १० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.२ सेतु बिक चोक स्थित मन पिडित कुवंरको घरमा बिधुत लाईन सर्ट भई आगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको ।<br>आगलागीबाट उक्त घरको माथिल्लो तलामा रहेको बेडरुममा बेडबिस्तरा फर्निचर , सिलिड.ग आदी जलेर क्षति भएको । | | | | |
| १६ | २०८२।१।२६ | दिउसो १४३०वजे | दिउसो १४३५वजे | दिउसो १५५०सम्म १ घण्टा १५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१४ महेन्द्रनगर स्थित प्रदेश सुशासन केन्द्रको परिसरमा रहेको बिरुवामा आगोलागी हुंदा त्यहांको कर्मचारीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको | | | | |
| १७ | २०८२।१।२६ | बिहान ०९३५वजे | बिहान ०९४०वजे | बिहान ११००सम्म १ घण्टा २० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१४ बालेगाउं स्थित धिरेन्द्र कुमार चौधरीको कलास्टीक बिरुवाको नर्सरीमा आगोलागी हुंदा स्थानिय कैलास यादबबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको | | | | |
| १८ | २०८२।१।२७ | दिउसो १२२०वजे | दिउसो १२२५वजे | दिउसो १४३०सम्म २ घण्टा ५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१० महेन्द्रनगर बहुमुखि क्याम्पस को कम्पाउण्ड भित्र रहेको झाडिमा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दुई दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको | | | | |
| १९ | २०८२।१।२७ | राति २२१०वजे | राति २२१५वजे | राति २३००सम्म<br><br>४५ मिनेट | डुडुवा गाउं पालिका वडा नं.६ बकौली स्थित गजननाथ कलवारको नर्सरीमा आगलागी हुंदा हिरमनिया प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | २०८२।१।२८ | दिउसो १३१०वजे | दिउसो १३१५वजे | दिउसो १५१५सम्म २ घण्टा | जानकी गाउं पालिका वडा नं.३ रम्मापुर स्थित दिलिप बर्माको कलास्टीक बिरुवाको नर्सरीमा आगोलागी हुंदा स्थानिय व्यक्तीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको | | | | |
| २१ | २०८२।१।२८ | सांझ १५५०वजे | सांझ १५५३वजे | सांझ १७००सम्म १ घण्टा ७ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१४ महेन्द्रनगर स्थित मेडिकल कलेजको नर्सरीमा आगोलागी भएको खबर प्रहरीबाट प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको | | | | |
| २२ | २०८२।१।३१ | बिहान ०८३५वजे | बिहान ०८४०वजे | बिहान ०९५०सम्म १ घण्टा १० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१६ जैसपुर स्थित ईलाका प्रहरी कार्यालय परिसर भित्र रहेको झाडिमा आगोलागी हुंदा प्रहरीबाट खबर प्रहरीबाट प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । | | | | |

## जेष्ठ महिनामा आगलागीको बिबरण

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन प्रस्थान र लागेको समय | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०८२।२।२ | बिहान ०७४० वजे | बिहान ०७४५ वजे | बिहान ०८४०सम्म ५५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.२ एकलैनी पिपल चौतारा स्थित निलम शाहको भगवती फर्निचर होममा बिधुत मिटर बक्समा सर्ट भई फर्निचर रुममा आगोलागी हुंदा नगर प्रमखबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गइ आगलागी नियन्त्रणमा सहयोग गरेको ।आगोलागीबाट बिधूत मिटर बक्स जेलको, प्लाष्टिक कुर्ची ६ थान र घुम्ने कुर्ची ६ थान जलेर छति भएको । | | | | |
| २ | २०८२।२।१९ | साझ १६५५वजे | साझ १७००वजे | साझ १७५७ सम्म ५७ मिनेट | जानकी गाउं पालिका वडा नं.६ गनापुर स्थित शिब कत्था उद्योग प्रा. लि. को स्टोरमा बिधुत सर्ट सर्किट भई आगोलागी हुंदा उद्योग बाणिज्य संघबाट खबर प्राप्त हूनासाथ यस | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रणमा सहयोग गरेको । स्टोरमा आगालागीबाट सामान्य क्षती भएको । | | | | |
| ३ | २०८२।२।२३ | राति २२३०वजे | राति २२३५वजे | राति २३००सम्म<br><br>२५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.४ सेतु बि.क.चोक स्थित अकजाल अन्सारीको ल्याकटप रिपियरिङ्.ग हाउसमा बिधुत सर्ट भई आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम घटना स्थलमा पूगेको तर स्थानिय व्यक्तिहरुले नै आगो नियन्त्रण गरेकोले फर्केको । आगालागीबाट सामान्य क्षती भएको । | | | | |
| ४ | २०८२।२।२४ | राति २०२५वजे | राति २०३०वजे | राति २२१५सम्म<br><br>१ घण्टा ४५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१६ जैसपुर स्थित सडक कालोपत्रे गर्ने बेलामा अचानक तारकुल बोक्ने ट्यांकरमा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । आगोलागी नियन्त्रणमा ६० लि. फोम खर्च भएको । आगालागीबाट ट्याङ्.करको पछाडिको भाग जलेर क्षती भएको । अप्रेटर दिनेश कुमार जलेर समान्य घाईते भएको | | | | |
| ५ | २०८२।२।३० | राति २१२०वजे | राति २१२५वजे | राति २१४५सम्म<br><br>२० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.२ बिशाल नगर टोल स्थित बिजुलीको पोलमा बिधुत लाईज सर्ट भई आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट फायर बाईक सहित टिम गइ आगलागी नियन्त्रणमा सहयोग गरेको । | | | | |

# असाढ महिनामा आगलागीको बिबरण

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन प्रस्थान र लागेको समय | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | २०८२।३।८ | साझ १८१५वजे | साझ १८२०वजे | साझ २०००सम्म<br><br>१ घण्टा ४० मिनेट | कोहलपुर नगरपालिका वडा नं.९ भवानीपुर स्थित ए एण्ड एस ब्रोदर्स किराना पसलको सामान राखेको स्टोरमा बिधूत लाईन सर्ट भई आगोलागी हुंदा कोहलपुर न.पा.वाट थप सहयोग माग भएकोले यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रणमा सहयोग गरेको । आगालागीबाट उक्त स्टोरमा भएका बिभिन्न समानहरु जलेर क्षती भएको । | | | | |
| ३ | २०८२।३।२७ | साझ १९१२वजे | साझ १९१५वजे | साझ १९४५सम्म<br><br>३० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.३ त्रिबेणीमोड स्थित बिधुतको पोलमा बिधुत सर्ट भई आगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रण गरेको । आगालागीबाट पोलमा भएका तारहरु जलेर सामान्य क्षती भएको । | | | | |

# १४) आयुर्वेद शाखा

मिति २०८२।०१।०१ गते देखि २०८२ असार मसान्त सम्मको प्रगति

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन मिति | बिनियोजित बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्बेद बिशेष निशुलक स्वास्थ्य शिबिर | २०८२।०२।३१ | रु500000। | रु४७६०००। | वडा नं.४ |
| २ | अन्तराष्टिय योग दिवस | २०८२।०३।०७ | रु ५००००। | रु५००००। | वडा नं.८ |
| ३ | आयुर्बेद मेयर कार्यकम | २०८२।०३।०९। | रु २००००। | रु १९००००। | वडा नं. ४ |
| ४ | औषधी खरिद | २०८२।३।१५ | रु१३००००। | रु१३००००। | |

१.आयुर्बेद बिशेष निशुलक स्वास्थ्य शिबिरमा २३१ जना सेवा दिएको ।

२. अन्तराष्टिय योग दिवसमा पतञजली योग समिती नेपाल ओम शान्ती लाई सयुत रामलीला मैदानमा योग दिवस कार्यक्रम सञ्चालन गरिएको ।

३.आयुर्बेद मेयर कार्यक्रम वडा ४ को शहरी पबर्धनमा केन्दामा सन्चालन भईरहेको छ।

४.औषधी खरीद गरेर सबै औपधालय लाई पनि हस्ताणतरण गरिएको ।

# १५) वातवरणा तथा सरसफाइ शाखा

## आ.व. २०८१।८२, अन्तिम त्रैमासिक प्रगती विवरण

१. नगरको वास क्षेत्रलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने नगर वास योजना निर्माण गरियो ।

२. नगरको डुबान न्यूनीकरणको लागि नगर भित्र रहेका विभन्न नालाहरुको बृहत सरसफाई कार्य सम्पन्न गरियो ।

३. नगरको वातावरणीय समस्याहरुको पैरवी तथा वातावरण दिवसको नारालाई सम्बोधन हुने गरि बिभिन्न संस्थाहरुसंग समन्वय मार्फत सरोकारवालाहरुको सहभागीतामा संचालन गरियो ।

# १६) कानून शाखा

## २०८२ बैशाख देखि अषाढ मसान्त सम्मको न्यायिक समितिमा दर्ता हुन आएका उजुरीहरु

| क्र.सं. | मिति | वडा नं. | प्रथम पक्ष | दोश्रो पक्ष | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८२-०१-१० | १३ | ने.ग.वडा नं.१३ को कार्यालय | ग्लोबल इण्डस्ट्रिज पार्क ( लिजपाटी सावरामा फड्स एण्ड | आवश्यक कारवाही गराई पाऊ । | प्रक्रिया |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्न्याकस प्रा.लि.) र ऐ.ऐका प्रोप्राईटर | | |
| २ | २०८२-०१-१० | **९** | **मोहुमुद हसन बेहना समेत** | **ओम प्रकाश त्रिपाठी** | **रोक्का सम्बन्धमा** | **निर्णय** |
| ३ | २०८२-०१-२२ | ११ | अस्फाक जसगढ | जंग विर लखेर | अदालतको आदेश पालना गरि पाऊ | प्रक्रिया |
| ४ | २०८२-०१-२३ | १८ | गिता नाउ | राम कुमार चमार | न्याय दिलाई पाउ | प्रक्रिया |
| ५ | २०८२-०१-२४ | **१४** | **अन्जली बर्मा/परमनि बानो हल्वाई समेत** | **सडक विभाग** | **दर्ता जग्गा नापी जाँच गरि छुट्टाई पाऊ** | **निर्णय** |
| ६ | २०८२-०१-२४ | १८ | माया देवी कुर्मि | हिम पुष्पा कुर्मि | मिल बन्द गरि पाऊ | प्रक्रिया |
| ७ | २०८२-०१-३० | ९ | ओम प्रकाश त्रिपाठी | महमुद हसन बेना | अनाधिकृत कब्जा हटाई पाऊ | प्रक्रिया |
| ८ | २०८२-०२-०५ | १३ | राविया बेगम कबडिया | निजामुद्दिन कबडिया | सरकारी बाटोको जग्गाको अवैधानिक अतिक्रमण हटाई पाऊ | प्रक्रिया |
| ९ | २०८२-०२-०९ | १८ | दमता पौडेल | देवकी आचार्य | रुख काटी पाऊ | प्रक्रिया |
| १० | २०८२-०२-२२ | २० | पाभ्के खटिक | अम्रका प्रसाद खटिक समेत जना २० | घर भत्काई तथा नयाँ निर्माण कार्य रोक्का गरि पाऊ | प्रक्रिया |
| ११ | २०८२-०२-२१ | ९ | लोकराज तिमिल्सेना | सदरुन राई | जग्गा नापी गरि आवत जावतको बाटो छुट्टाई पाऊ | प्रक्रिया |
| १२ | २०८२-०२-२७ | भारत घर भई माईती घर वडा नं.४ | संजय कुमार चतुर्वेदी | कुमारी रेखा मिश्रा समेत | अदालतको फैसला बमोजिम नाबालक छोरा आन्या चतुर्वेदीलाई हिरासत मुक्त गरि पाऊ | प्रक्रिया |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | २९/०२/२०८२ | ८ | श्याम सुन्दर खेतान | वडा नं.४ बस्ने पुरन कश्यप समेत | सार्वजनिक बाटोमा निर्माण भएको संरचना भत्काई पाऊ | प्रक्रिया |
| १४ | २०८२-०३-०३ | १९ | तिली दमाई | हामेमनाथ दहाल समेत जना ५ | आवश्यक कार्यवाही सम्बन्धमा | प्रक्रिया |
| १५ | २०८२-०३-०७ | ११ | नितु गुप्ता | बिना देवी बनिया | बहाल रकम दिलाई पाऊँ | प्रक्रिया |
| १६ | २०८२-०३-०८ | ४ | श्रवण कुमार शर्मा | गीता देवी भुजुवा | निकास बाटो पाउ | प्रक्रिया |
| १७ | २०८२-०३-१६ | ६ | टपीला जोलाहा | राज कुमार गुभाजु | अनाधिकृत कब्जा हटाई पाऊ | प्रक्रिया |
| १८ | २०८२-०३-३१ | ७ | श्रवण कुमार शर्मा | गीता देवी भुजुवा | न्याय निरुपर्ण गरि पाऊ | प्रक्रिया |

| | |
|---|---|
| **निर्णय** | **२** |
| **प्रक्रिया** | **१६** |
| **मिलापत्र** | **०** |
| **तामिली** | **०** |
| **जम्मा** | **१८** |

# १७) पशु शाखा

## मिति २०८२।०१।०१ गते देखि २०८२ असार मसान्त सम्मको प्रगति

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन मिति | बिनियोजित बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | निशुल्क पशु स्वास्थ्य तथा परजिवि नियन्त्रण कार्यक्रम | २०८२।०३।०४ | १३०.० | १३०.० | वडा नं.१७ |
| २ | निशुल्क पशु स्वास्थ्य तथा परजिवि नियन्त्रण कार्यक्रम | २०८२।०३।०५ | १३०.० | १३०.० | वडा नं.१९ |
| ३ | गाई/भैसी प्रवर्द्धन कार्यक्रम | | ४००.० | ३००.० | वडा नं.१८,१९ र १७ को फर्म/समुह |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भैसी प्रवर्द्धन कार्यक्रम वडा नं.१४ र २० | | २५००.० | १४००.० | वडा नं. १४ र २० का फर्महरुमा कार्यक्रम सञ्चालन |
| ५ | मासु पसल तथा मासु बजार अनुगमन | | १५०.० | १५०.० | |
| ६ | पशुमा भ्याक्सिनेसन कार्यक्रम | | ४५०.० | ४५०.० | |
| | | | | | |
| १.गाई/भैसी प्रवर्द्धन कार्यक्रम ४ वटा लक्ष्य रहेकेमा ३ वटा फर्ममा कार्यक्रम संचालन भएको ।<br>२.वडा नं. १७ र १९ वडामा निशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिएको ।<br>३.२५ हजार बाखामा पिपिआर भ्याक्सिन,२० हजार गाई/भैसी भ्यागुते र चरचरे विरुद्धको भ्याक्सिन लगाईएको ।<br>४.नेपालगञ्ज नगर क्षेत्र भित्रका मासु पसलहरुको अनुगमन गरिएको । ५. भैसी प्रवर्द्धन कार्यक्रम वडा २० का ६ वटा फर्म र वडा १४ को १ वटा फर्म सञ्चालन गरिएको | | | | | |

# १८) कृषि शाखा

## २०८२।०१ देखि २०८२।०३ सम्म गरेके कार्य तथा प्रगति

- तरकारी पकेट बिकास कार्यक्रम संचालनको लागि छनोट भएको कृषक समुहलाइ कार्य सम्पन्न पश्च्यात भुक्तानि ।
- गड्यौले मल उत्पादन प्रबर्दन कार्यक्रम संचालनको लागि छनोट भएको कृषक कृषक समुह तथा कृषि फर्मलाइ कार्य सम्पन्न पश्च्यात भुक्तानि ।
- ५० प्रतिशत अनुदानमा १५२६० के.जी .धानको बिउ बितरण ।
- नि शुल्क बिषादि बितरण ।
- व्यवसायिक तरकारि प्रबर्दन कार्यक्रम वडा नं .१३ संचालनको लागि छनोट भएको कृषि सहकारीलाइ कार्य सम्पन्न पश्च्यात भुक्तानि ।
- रसायनिक मलखाद बिक्रि गर्ने सहकारी तथा बिभिन्न कृषि कार्यहरूको अनुगमन ।
- कृषि यान्त्रिकरण कार्यक्रम वडा नं .१५ संचालनको लागि छनोट भएको कृषि सहकारीहरूलाइ कार्य सम्पन्न पश्च्यात भुक्तानि ।
- किसान सुचिकरण अन्तर्गत उणमहरूले वडा नं .२२ र २३ मा तथ्यांक संकलन ।
- बर्षे तरकारीको ४१० सेट मिनिकिट बिउ कृषकहरूलाई निशुल्क बितरण ।
- साना कृषि ओजार ५० प्रतिशत अनुदानमा बितरण ।

➢ धान दिवश  मनाउने कार्यक्रम सम्पन्न ।

## १९)राजस्व व्यबस्थापन शाखा

### नेपालगञ्ज, बाँके ।

### २०८२ बैशाख-२०८२ असार सम्मको प्रगति बिवरण

- मिति २०८२ बैशाख-२०८२ असार मसान्त सम्म संकलित आय रु.७,०९,१५,४०७।५० (अक्षेरुपी सात करोड नौ लाख पन्ध्र हजार चार सय सात रुपैया पचास पैसा मात्र)
- SuTRA Revenue Module वडा स्तरमा पुर्ण रुपमा संचालन गरिएको।
- कवाडी कर संकलन कार्य सम्बन्धी ठेक्का लगाईएको ।
- १७७ वटा नयाँ व्यबसाय दर्ता भएको ।
- ५५ वटा नयाँ इ-रिक्सा दर्ता भएको ।

## २०) विद्युत शाखा

### आ.व. २०८१/८२

# तेश्रो त्रैमासिक २०८२ बैशाख देखि असार मसान्तसम्को कार्य प्रगति प्रतिवेदन

❖ कार्यालयको विद्युत व्यवस्थापनलाई नियमित गर्नका लागि २०० के.भि.ए.को ट्रान्सफर्मर जडान गरिएको ।

❖ कार्यालयको विद्युत व्यवस्थापनलाई नियमित २०० के.भि.ए.को ट्रान्सफर्मर जडान गरि उक्त ट्रान्सफर्मर संचालनका लागि लोटेन्सन प्यानल बक्स जडान गरिएको ।

❖ यस नेपालगंज उप–महानगरपालिका अन्तरगत वडा नं.४ स्थीत बसपार्क भित्र रहेको कुलिङ्ग सेन्टरका लागि विद्युत संचालन गरिएको ।

❖ यस नेपालगंज उप–महानगरपालिकामा सुर्खेत रोडमा अवस्थीत केही हाईमास्ट बत्तीको बिगत लामो समय देखि शुल्क नतिरी यस आ.व.०८१।०८२ असाढ मसान्त भित्र भित्र रु.५१,००,०००।– (एकाउन्न लाख) बराबरको विद्युत महशुल रकम तिरेको ।

❖ दैनिक रुपमा यस नेपालगंज उप—महानगरपालिका २३ वटा वडाहरुमा विद्युत व्यवस्थापन सम्बन्धी पोलहरुमा बत्ती जडान तथा विद्युत सम्बन्धी अन्य कार्यहरु गरिएको ।

## २१) सूचना तथा संचार प्रविधि शाखा

### आ.व. २०८१।८२, अन्तिम त्रैमासिक प्रगती विवरण

१) नगरको सुरक्षा तथा पार्किङ्ग व्यवस्थापनका निम्ति नेपालगञ्ज उप-महानगरपालिकाको पुष्पलाल चोक देखि बसपार्क सम्म तथा बसपार्क भित्र निगरानी प्रणाली सिसिटिभीक्यामरा जडान गरिएको ।

२) नेपालगञ्ज उपमहानगरपालिका कार्यालयको प्रवेशद्वारमा कार्यालयको नाम ईंकित - डिजिटल बोर्ड जडान गरिएको ।

३) नेपालगञ्ज उपमहानगरपालिका सरोकारवाला व्यक्ति ,विभिन्न सामुदायिक विद्यालय तथा नगरकार्यपालिका सदस्यहरुलाई साईबर क्राईम सम्बन्धी सचेतनाकार्यक्रम संचालन गरिएको ।

४) नेपालगञ्ज उपमहानगरपालिकाको सिमावर्ती क्षेत्र जमुनाहा नाकामा ईलाका प्रहरी -कार्यालयको समन्वयमा निगरानी प्रणाली सिसिटिभी क्यामरा जडान गरिएको ।

५) नेपालगञ्ज उपमहानगरपालिकाको प्राविधिक तथा योजना शाखाका -कर्मचारीहरुलाई योजना व्यवस्थापनप्रणाली सम्बन्धी तालिम संचालन गरिएको ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

क) कार्यालय प्रमुखको नाम : रामहरी शर्मा
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : nepalgunjmun@gmail.com
सम्पर्क नम्बर : ९८५८०६६१११

ख) सूचना अधिकारीको नाम : लोकेन्द्र बहादुर शाही
पद : बरिष्ठ शिक्षा .अधिकृत
सम्पर्क नम्बर : ९८५१२४३४९१
इमेल ठेगाना : lokendailekh@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

नेपालगञ्ज उप महानगरपालिका सँग सम्बद्ध संघीय र प्रदेश कुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नेपालगञ्ज उप महानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आ.व. २०८१।०८२ को श्रावण १ गतेदेखि २०८२असार मसान्त सम्मको आर्थिक कारोवारको विवरण  यसप्रकार रहेको छ :

नेपालगँज उप महानगरपालिका

उप महानगर कार्यपालिकाको कार्यालय, बाँके

कार्यालयको कोड : ८०५५७३०१३००

आय व्ययको बिवरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२६

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ९१९,१७७,०००.०० | ८६०,४५३,१४९.६० | ९३.६१ | ५८,७२३,८५०.४० |
| प्रदेश सरकार | ५४,९८३,०००.०० | ४३,५५६,८००.०० | ७९.२२ | ११,४२६,२००.०० |
| राजस्व बाडफाड | ३३७,६२७,८७४.३२ | ३७१,६८६,५८१.४५ | ११०.०९ | (३४,०५८,७०७.१३) |
| अन्तरिक श्रोत | ४४६,१३८,४६९.१२ | ४४७,७५७,४०७.८२ | १००.३६ | (१,६१८,९३८.७०) |
| जनसहभागिता | १०,०००,०००.०० | २,५६६,७०५.०० | २५.६७ | ७,४३३,२९५.०० |
| जम्मा | १,७६७,९२६,३४३.४४ | १,७२६,०२०,६४३.८७ | ९७.६२ | ४१,९०५,६९९.५७ |

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | १,१८०,१२८,७७६.०० | १,०३०,१६४,०७७.०४ | ८७.२९ | १४९,९६४,६९८.९६ |
| पूंजीगत | ५४७,७९७,५६७.४४ | ३५९,३३५,१८२.०४ | ६५.५९ | १८८,४६२,३८५.४० |
| वित्तीय | ४०,०००,०००.०० | ३८,८२१,२५८.०२ | ९७.०५ | १,१७८,७४१.९८ |
| जम्मा | १,७६७,९२६,३४३.४४ | १,४२८,३२०,५१७.१० | ८०.७९ | ३३९,६०५,८२६.३४ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ । त्यसैगरी मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएकोछ ।

धन्यवाद !